नेपाल नागरिक उड्डयन प्राधिकरण

**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय**

**प्रशासन महाशाखाको ।**

# सुरक्षा गार्डको सेवा प्राप्त गर्ने सम्वन्धि शिलबन्दी दरभाउपत्र आव्हानको

## सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५।०७।२१)

यस त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसर क्षेत्रभित्र प्रवेश गर्ने कुकुर, बाँदर, पशुपंछि तथा अन्य जीवजन्तुहरुको गतिविधि नियन्त्रण गर्ने कार्यको लागि ५ जना सुरक्षा गार्डको आवश्यकता भएकोले उक्त कार्य गर्नका लागि सार्वजनिक खरिद ऐंन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम सेवा करारमा लिनुपर्ने भएको हुँदा सम्वन्धित निकायबाट इजाजत प्राप्त योग्य सेवा प्रदायक फर्म, कम्पनीहरुबाट निम्न लिखित शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

**प्रस्तावका मुख्य शर्तहरु**

१) प्रस्ताव दाताले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक तर्फ भि.भि.आई.पी.क्षेत्र,आगमन तथा प्रस्थान र अन्तर्राष्ट्रिय तर्फको आगमन, प्रस्थान टेक्सी पार्किङ्ग क्षेत्रमा प्रवेश गर्ने कुकुर, बाँदर, पशुपंछि तथा अन्य जीवजन्तुहरुको गतिविधि नियन्त्रण गर्ने कार्यको लागि ५ जना सुरक्षा गार्डको सेवा आपूर्ति गर्न प्रतिस्पर्धा गर्नु पर्नेछ ।

२) शिलबन्दी दरभाउपत्र खरिद गर्नको लागि यस कार्यालयको त्रि.अ.वि.स्थित राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालयको चल्ती हिसाब नं. ५८ मा मु.अ.कर सहित जम्मा रु.११३०।- (एक हजार एक सय तीस-पछी फिर्ता नहुने गरी) नगद दाखिला गरेको सक्कल बैंक भौचर, यस कार्यालयको राजश्व शाखामा दाखिला गरेको रसिद, फर्म रजिष्ट्रेशनको अध्यावधिक प्रमाणपत्र, श्रम ईजाजतको प्रमाण पत्र र मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्वर (प्यान) दर्ताको प्रमाणपत्र तथा आ.व.२०७४।०७५ को आय कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा यस कार्यालयको प्रशासन महाशाखाबाट दरभाउपत्र खरिद गरी १६ औं दिनको १२:०० बजे भित्र प्रस्ताव शिलबन्दी गरी प्रशासन महाशाखामा दर्ता गर्नुपर्नेछ । यसका साथै उक्त दरभाउपत्र यस कार्यालयको Webside:www.tiairport.com.np बाट समेत Download गरी हेर्न सकिनेछ ।

३) दरभाउपत्र खरिद गर्ने अन्तिम दिन विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन कार्यालय समयभित्र प्रस्ताव डकुमेन्ट्स खरिद गर्न सकिनेछ । प्रस्ताव डकुमेन्ट्स खरिद गर्ने अन्तिम दिनको भोलीपल्ट दिनको १२:०० बजेभित्र प्रस्ताव डकुमेन्ट्स दाखिला गर्नु पर्नेछ । उक्त दिन विदा परेमा सो को लगतै कार्यालय खुलेको दिन सोही समय भित्र दर्ता गर्न सकिनेछ । खामको बाहिर प्रस्तावदाताको नाम र कामको शिर्षक स्पष्ट रुपमा उल्लेख गरी यस कार्यालयलाई सम्बोधन गरेको हुनुपर्नेछ ।

४) म्याद भित्र प्राप्त भएका प्रस्तावहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिउँसो २:०० बजे यस कार्यालयको प्रशासन महाशाखामा दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

ढिलो गरी प्राप्त भएको वा म्याद नाघि आएको तथा रित नपुगेको वा कुनै शर्त उल्लेख भई आएको सिलवन्दी दरभाउपत्र मान्य हुने छैन ।

५) शिलवन्दी दरभाउपत्रसाथ धरौटी वापत रु ५९,०००।-(उनान्साठी हजार) यस कार्यालयको त्रि.अ.वि.स्थित राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय गौचरमा रहेको धरौटी खाता नं.७० मा जम्मा गरेको धरौटी रकमको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको शिलबन्दी प्रस्ताव खोल्ने मिति देखि ७५ (पचहत्तर)) दिन मान्य अवधि भएको बैंक जमानीपत्र (Bid Bond) पेश गर्नु पर्नेछ । नगद जमानत राखेकोमा पछि बैंक ग्यारेन्टिमा परिणत गर्न पाइने छैन । स्वीकृत दरभाउपत्रदाताले नियमानुसार कार्य सम्पादन जमानत राखी सम्झौता गर्नपर्नेछ ।

६) दरभाउपत्रदाताले आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७) प्रदान गर्नुपर्ने सेवा सम्वन्धि योग्यता, अन्य शर्तहरु कार्यालयबाट विक्रि हुने शिलबन्दी प्रस्तावमा उल्लेख भए वमोजिम हुनेछ ।

८) दरभाउपत्रदाताले प्रस्तावहरु Bill of Quantities फाराममा के कति सेवा शुल्क लिई सेवा पुऱ्याउने हो ? सो स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । यस्तो सेवा शुल्क रकम सेवा करारमा काम गर्ने जनशक्तिको कुल पारिश्रमिक रकमको ५ प्रतिशतमा नबढ्ने गरी मात्र उल्लेख गर्नुपर्नेछ । सो भन्दा बढी प्रतिशत उल्लेख भएको प्रस्ताव मान्य हुने छैन ।

९) रित नपुगी वा म्याद नाघि आएको शिलबन्दी प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

१०) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११) यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र यस कार्यालयको प्रशासन महाशाखामा सम्पर्क राख्न सकिनेछ ।

१२) यसमा नपरेका अन्य कुराहरु प्रचलित ऐन, नियम, शिलबन्दी प्रस्ताव डकुमेन्ट्स तथा सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।